यस बैंकबाट जारी **बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रक्रियागत व्यवस्था:२०६३** मा जुनसुकै व्यवस्था भएको भएता पनि वित्तीय मध्यस्थताको कारोवार गर्न अनुमति प्राप्त गरेका गैरसरकारी संस्थाहरुलाई "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा परिणत गर्नका लागि यस बैंकबाट देहायको नीतिगत व्यवस्था गरिएको छ ।♣

१. वित्तीय मध्यस्थताको कारोवार गर्न अनुमति प्राप्त गरेका गैरसरकारी संस्थाहरुलाई "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा तोकिएको अवधिभित्र परिणत गर्दा चाहिने आवश्यक न्यूनतम चुक्ता पुँजी साविक बमोजिम नै हुनेछ ।

२. संस्थापक सम्बन्धमा

(क) यस बैंकबाट अनुमतिप्राप्त गैर-सरकारी संस्थाको समेत लगानीमा नयाँ स्थापना हुने "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा त्यस्तो संस्थाले ५१ प्रतिशतसम्म लगानी गर्न सक्ने छ । गैर-सरकारी संस्था सम्बद्ध व्यक्तिहरुले समेत लघुवित्त संस्थामा लगानी गर्ने भएमा गैर-सरकारी संस्था र सो संस्था सम्बद्ध व्यक्तिको कुल लगानीको सीमा ५१ प्रतिशत ननाघ्ने गरी त्यस्ता व्यक्तिहरुको समूहले अधिकतम २५ प्रतिशत सम्म लगानी गर्न सक्नेछन् ।

(ख) यसरी गैर-सरकारी संस्थाले लगानी गर्दा उक्त लगानीलाई खाम्ने गरी संचित कोषबाट एक छुट्टै लगानी कोष (Reserve Fund) कायम गरेको हुनुपर्ने छ ।

(ग) गैर-सरकारी संस्थाले कर छुट सम्बन्धी प्रमाण पेश गरेमा कर चुक्ता प्रमाणपत्र पेश गर्न आवश्यक पर्ने छैन ।

३. विद्यमान गैर-सरकारी संस्थाको साधारण सभाले "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा परिणत हुन प्रस्ताव पारित गर्नुपर्ने छ । उक्त निर्णय नयाँ संस्थाबाट वित्तीय कारोवार गर्न स्वीकृतिको लागि यस बैंकमा निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने छ ।

४. नयाँ संस्थाबाट वित्तीय कारोवार संचालनको स्वीकृतिको लागि निवेदन दिँदा गैर-सरकारी संस्थाको सम्पत्ति तथा दायित्वका सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

क) गैर-सरकारी संस्थाको सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) पेश गर्नुपर्ने ।

ख) लघुवित्त कारोवार अन्तर्गत पर्ने बचत, सापटी तथा कर्जा कारोवार लगायत सम्पत्ति तथा दायित्वहरु सम्पूर्ण रुपमा नयाँ संस्थालाई हस्तान्तरण गरी त्यस्तो सम्पत्ति तथा दायित्वको छुट्टै विवरण पेश गर्नुपर्ने ।

ग) गैर-सरकारी संस्थाको साविकको सम्पूर्ण सम्पत्ति तथा दायित्व नयाँ संस्थालाई हस्तान्तरण नहुने भए हस्तान्तरण नहुने सम्पत्ति तथा दायित्वको छुट्टै विवरण समेत पेश गर्नुपर्ने ।

५. यस बैंकबाट सिमित बैंकिंग कारोवार गर्न अनुमति प्राप्त एक भन्दा बढी गैर-सरकारी संस्थाहरु एकापसमा मिलि लघुवित्त वित्तीय संस्था दर्ताको लागि आवेदन दिन सक्नेछन् ।

६. यस व्यवस्था बमोजिम गैर-सरकारी संस्थाबाट भइआएको लघुवित्त कारोवार "घ" वर्गको संस्थामा परिणत भई संचालनमा आए पश्चात उक्त गैर-सरकारी संस्थालाई दिइएको वित्तीय मध्यस्थताको अनुमति स्वतः खारेज हुने छ ।

७. यस बैंकले तोकेको समयावधि भित्र गैर-सरकारी संस्थाबाट हुने लघुवित्त कारोवार "घ" वर्गको संस्थामा परिणत हुन नसकेमा वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गैर-सरकारी संस्थाको वित्तीय मध्यस्थताको कारोबारको अनुमतिपत्र नवीकरण गरिने छैन ।

---

♣ नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०७१।९।३ को निर्णय बमोजिम लागू ।